# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, फागुन १६ गते २०६४ साल (अतिरिक्तांक ५५(ङ)

## भाग ५

### निर्वाचन आयोगको सूचना

खण्ड ५७, अतिरिक्ताङ्क ४८ (ख), मिति २०६४ साल पुष २८ गतेको नेपाल राजपत्र भाग- ५ मा प्रकाशित यस आयोगको सूचना नं. ३ मा उल्लिखित समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको संविधान सभा संदस्य निर्वाचनको लागि निर्धारण गरिएको कार्यक्रममा संशोधन गरी मिति २०६४/११/१४ गते सूचना प्रकाशन भएकोमा उक्त कार्यक्रममा पुनः संशोधन गरी देहाय बमोजिमको कार्यक्रम निर्धारण गरिएको र मिति २०६४/९/२८ मा प्रकाशित सूचना नं. ३ मा उल्लेखित पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको संविधान सभा सदस्यको निर्वाचनको लागि निर्धारण गरिएको कार्यक्रममा संशोधन गरी देहाय बमोजिमको कार्यक्रम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरेको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संविधान सभा सदस्य निर्वाचन २०६४
समानुपातिक निर्वाचन प्रणालीको
**संशोधित निर्वाचन कार्यक्रम**

| क.सं. | कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | २०६४/११/८ र २०६४/११/१२ मा उम्मेदवारको बन्दसूची पेश गर्ने राजनैतिक दल बाहेक अन्य राजनैतिक दलहरुले उम्मेदवारको बन्दसूची पेश गर्ने | २०६४/११/१९ | | १०.०० | १७.०० | निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं । |
| २ | उम्मेदवारको बन्दसूची सच्याउन राजनैतिक दललाई सूचित गर्ने | २०६४/११/२० | २०६४/११/२६ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ३ | राजनैतिक दलले उम्मेदवारको बन्दसूची संशोधन गरी पेश गर्ने | २०६४/११/२७ | २०६४/१२/३ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ४ | उम्मेदवारको बन्दसूची सार्वजनिक गर्ने | २०६४/१२/४ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ५ | उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यता सम्बन्धमा दावी विरोध गर्न निवेदन दिने | २०६४/१२/५ | २०६४/१२/११ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ६ | उम्मेदवारको बन्दसूचीमा समावेश उम्मेदवारको योग्यता सम्बन्धी दावी विरोधको निवेदन उपर जाँचबुझ र निर्णय गर्ने | २०६४/१२/१२ | २०६४/१२/१८ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ७ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने | २०६४/१२/१९ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ८ | उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट फिर्ता लिन चाहेमा निवेदन दिने | २०६४/१२/२० | २०६४/१२/२१ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ९ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम फिर्ता लिएको जानकारी सम्बन्धित राजनैतिक दललाई दिने | २०६४/१२/२२ | | १०.०० | १२.०० | ऐ. ऐ. |
| १० | उम्मेदवारको बन्दसूची अन्तिम रुपमा प्रकाशन गर्ने | २०६४/१२/२२ | | १२.१५ | १३.०० | ऐ. ऐ. |
| ११ | निर्वाचन चिन्ह प्रदान गर्ने | २०६४/१२/२२ | | १३.१५ | १७.०० | ऐ. ऐ. |

द्रष्टव्य :

१. २०६४ फागुन ८ र १२ गते यस आयोगमा उम्मेदवारको बन्दसूची पेश गरिसकेका राजनैतिक दलहरुले संविधान सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०६४ को दफा ३ बमोजिम उम्मेदवारको बन्दसूचीमा हेरफेर गर्न चाहेमा यस आयोगको मिति २०६४/९/२८ र २०६४/११/९ को निर्णयानुसार प्रकाशित समानुपातिक निर्वाचन कार्यक्रममा उम्मेदवारको बन्दसूची संशोधन गर्नका लागि तोकिएको म्यादभित्र त्यस्तो उम्मेदवारको बन्दसूचीमा हेरफेर गरी पेश गर्नु पर्नेछ ।

२. निर्वाचन आयोगले मिति २०६४ पुस २८ गते प्रकाशित गरेको सूचना अनुसार मिति २०६४ चैत्र २८ गते बिहिबारको दिन बिहान ७.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म मतदान हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदानकेन्द्रको मतदान भएको सबै मतपेटिकाहरु मतदान अधिकृतबाट प्राप्त गरेपछि निर्वाचन अधिकृतले मतगणना कार्य सुरु गर्नेछ ।

४. निर्वाचन अधिकृतले मतगणना गरी राजनैतिक दलले प्राप्त गरेको कुल सदर मत संख्याको विवरण मुलुकभरबाट प्राप्त गरिसकेपछि प्रत्येक राजनैतिक दलले प्राप्त गरेको कुल सदर मत संख्याको अनुपातमा सो राजनैतिक दलले निर्वाचन आयोग समक्ष पेश गरेको उम्मेदवारको बन्दसूचीमा सूचीकृत उम्मेदवारहरु मध्ये संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ बमोजिम निर्वाचन आयोगले उम्मेदवारहरु निर्वाचित भएको घोषणा गर्नेछ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## संविधान सभा सदस्य निर्वाचन २०६४
### पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको संशोधित निर्वाचन कार्यक्रम

| क्र.सं. | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | मिति २०६४/११/१६ गते प्रकाशित उम्मेदवारको नामावलीमा कायम रहेका उम्मेदवार बाहेक अन्य उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०६४/११/२३ | | १०.०० | १७.०० | निर्वाचन अधिकृतको कार्यालय (जिल्ला सदरमुकाम) | |
| २ | उम्मेदवारको मनोनयनपत्र दर्ता भएको सूची प्रकाशन गर्ने | २०६४/११/२३ | | १७.३० | २०.३० | ऐ. ऐ. | |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिने | २०६४/११/२४ | | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ४ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०६४/११/२५ | | १०.०० | १६.०० | ऐ. ऐ. | |
| ५ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०६४/११/२५ | | १६.३० | १८.३० | ऐ. ऐ. | |
| ६ | उम्मेदवारको नाम फिर्ता लिने (२०६४/११/१६ गते प्रकाशित उम्मेदवारको नामावलीमा नाम कायम रहेका उम्मेदवार समेतले) | २०६४/११/२६ | | ९.०० | १३.०० | ऐ. ऐ. | |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०६४/११/२६ | | १४.१५ | | ऐ. ऐ. | |
| ८ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०६४/११/२६ | | १४.३० | १७.३० | ऐ. ऐ. | |
| ९ | मतदान गर्ने | २०६४/१२/२८ | | ०७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

द्रष्टव्य :

१. मिति २०६४/११/१० गते प्रकाशित निर्वाचन कार्यक्रम अनुसार मिति २०६४/११/१६ सम्म सम्पन्न भएको कार्यलाई यथावत कायम राखी मिति २०६४/११/१७ गतेदेखि मिति २०६४/११/१९ गतेसम्म तोकिएका उम्मेदवारको नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम स्थगित गरी ती कार्यक्रम संशोधित निर्वाचन कार्यक्रम अनुसार तोकिएका मिति र समयमा एकैसाथ सञ्चालन गरिनेछ ।

२. निर्वाचन आयोगले मिति २०६४ साल पुस २८ गते प्रकाशित गरेको सूचना अनुसार मिति २०६४ चैत २८ गते बिहिवारको दिन बिहान ७.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म मतदान हुनेछ ।

३. निर्वाचन क्षेत्र अन्तर्गतका सबै मतदान केन्द्रहरुका सबै मतपेटिकाहरु प्राप्त भएपछि मतगणना कार्य सुरु गर्नेछ ।

४. मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गर्नेछ ।

आज्ञाले,
सुशील जंग बहादुर राणा
सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो.ह.द.नं. १६।०६३।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।